# कांक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www.kankrebihar.com



कांक्रेविहार राष्ट्रिय दैनिक






❒ वर्ष : २५ ❒ अंक : ३१८ ❒ आइतवार, १४ भदौ, २०८३ ❒ Sunday, 30 Aug 2026 ❒ नेपाल संवत ११४६ ❒ पृष्ठ : ४ ❒ मूल्य : रु. १०


# भूकम्पले उजाडेका घरहरूमा छानो हालिदै

*सरकारले सामान्य प्रभावितलाई चार लाख रुपैयाँ अनुदान उपलब्ध गराउने तथा घर बनाउन नसक्ने ज्येष्ठ नागरिक, एकल महिला र सहाराविहीन अपाङ्गता भएका व्यक्तिका लागि 'शून्य लागत'मा घर निर्माण गर्ने जनाएको छ। जाजरकोटमा करिब २९ हजार घरधुरी प्रभावित रहेकामा १५ हजार घर पुनर्निर्माण र १३ हजार घर प्रवलीकरण गर्नुपर्ने देखिएको छ।*

❒ **कांक्रेविहार संवाददाता**
सुर्खेत, १३ भदौ

२०८० कात्तिक १७ गते जाजरकोट केन्द्रविन्दु भएर गएको विनाशकारी भूकम्पले घरबारविहीन बनाएकी भेरी नगरपालिका-१ रावत गाउँकी ७० वर्षीया कौशिला विकले अन्ततः सुरक्षित घर पाउने आशा पलाएको छ भूकम्प गएको ३४ महिनापछि उनको नयाँ घर निर्माणका लागि शिलान्यास भएपछि लामो समयदेखि टिनको टहरोमा बिताउँदै आएको परिवारमा खुसी फर्किएको हो। भूकम्पपछि राहत र पुनःस्थापनाको आशमा दिन बिताउँदै आएकी कौशिलाले आफ्नै खर्चमा घर बनाउन सक्ने अवस्था नभएको बताइन्। लामो समयसम्म पुनर्निर्माणको प्रक्रिया अघि नबढेपछि सुरक्षित घरमा बस्ने आशासमेत मर्न थालेको उनको भनाइ छ।

भूकम्पपछि पुनर्निर्माण हुन्छ भनेर धेरै समय कुर्यौं। कुरा मात्रै भयो, काम भएन, कौशिलाले भनिन्, "ढिलै भए पनि सरकारले घर बनाइदिन लागेको देख्दा अब भने आशा पलाएको छ। भूकम्पका कारण कौशिलाले नातिसमेत गुमाएकी थिइन्। उनको घर पूर्ण रूपमा क्षतिग्रस्त भएको थियो। रावत गाउँमा मात्रै भूकम्पमा परी ३४ जनाले ज्यान गुमाएका थिए। बारेकोट गाउँपालिकाको रामीडाँडा केन्द्रविन्दु भएर गएको ६ दशमलव ४ रेक्टर स्केलको भूकम्पमा जाजरकोट र रुकुम पश्चिममा १ सय ५४ जनाको मृत्यु भएको थियो।




## एक घरबाट पुनर्निर्माण अभियानको सुरुवात

भूकम्पपछिको लामो समयसम्म रोकिएको पुनर्निर्माण अभियानअन्तर्गत आइतबार भेरी नगरपालिका-१ रावत गाउँबाट स्थायी आवास निर्माणको औपचारिक सुरुवात गरिएको हो।

जाजरकोटबाट निर्वाचित प्रतिनिधिसभा सदस्य खडकबहादुर बुढा, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका उपसचिव सुरेश सुनार, प्रमुख जिल्ला अधिकारी खडानन्द अधिकारी, भेरी नगरपालिकाका प्रमुख चन्द्रप्रकाश घर्ती र उपप्रमुख सीता जैशीले संयुक्त रूपमा कौशिलाको घर शिलान्यास गर।

प्राधिकरणका उपसचिव सुरेश सुनारका अनुसार लाभग्राही पहिचान तथा प्रमाणीकरणमा देखिएका समस्या समाधान भएपछि पुनर्निर्माणको बाटो खुलेको हो। जिल्ला विपद् व्यवस्थापन समितिबाट लाभग्राहीको सूची प्रमाणीकरण भएपछि निर्माण प्रक्रिया अघि बढाइएको उनले बताए। जाजरकोटसँगै रुकुम पश्चिममा समेत पुनर्निर्माणका काम अघि बढाउने तयारी भइरहेको प्राधिकरणले जनाएको छ।

## जाजरकोटमा ४१ हजारभन्दा बढी लाभग्राही पहिचान

जाजरकोटका प्रमुख जिल्ला अधिकारी खडानन्द अधिकारीका अनुसार भूकम्पपछि जिल्लामा ४१ हजार ७ सय जना लाभग्राही पहिचान भएका थिए।

तर राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको विस्तृत क्षति मूल्यांकनपछि करिब २९ हजार घरधुरी प्रभावित भएको देखिएको छ।

डीडीए प्रतिवेदनअनुसार करिब १५ हजार घर पुनर्निर्माण गर्नुपर्ने र १३ हजार घर प्रवलीकरण गर्नुपर्ने बाँकी पृष्ठ २

## असहायका लागि शून्य लागतमा घर

सरकारले सामान्य रूपमा प्रभावित लाभग्राहीका लागि अधिकतम चार लाख रुपैयाँ अनुदान उपलब्ध गराएर घर पुनर्निर्माण गर्ने व्यवस्था गरेको छ। तर आफ्नै स्रोतबाट घर निर्माण गर्न नसक्ने एकल महिला, सहाराविहीन अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकका लागि भने 'शून्य लागत'मा घर निर्माण गर्ने अभियान अघि बढाइएको छ। स्थानीय तह, प्रदेश तथा संघीय सरकार र दातृ निकायको साझेदारीमा आवश्यक थप स्रोत जुटाएर यस्ता परिवारका घर निर्माण गरिने जनाइएको छ। प्रारम्भिक तथ्यांकअनुसार जाजरकोट, रुकुम पश्चिम र सल्यानमा करिब २ हजार ६ सय असहाय तथा अति प्रभावित नागरिकले यस्तो कार्यक्रमबाट लाभ पाउनेछन्।

## एक वर्षमा ७ हजार घर बनाउने प्रतिबद्धता

पुनर्निर्माण अभियानको शुभारम्भ गर्दै प्रतिनिधिसभा सदस्य खडकबहादुर बुढाले लामो समयपछि भए पनि भूकम्पपीडितका घर निर्माण सुरु हुनु सकारात्मक भएको बताए। अब पुनर्निर्माणलाई तीव्र गतिमा अघि बढाउनुपर्नेमा उनले जोड दिए।

उनले आफूले बाँकी पृष्ठ २

# प्रधानमन्त्रीले भने- नागरिकको जीवनरक्षा नै सरकारको पहिलो प्राथमिकता

❒ **कांक्रेविहार संवाददाता**
काठमाडौं, १३ भदौ

प्रधानमन्त्री वालेन्द्र शाह (बालेन)ले भोटेकोसी बाढीबाट प्रभावित नागरिकको जीवनरक्षा सरकारको पहिलो प्राथमिकता भएको दोहोर्‍याएका छन्। शनिबार सामाजिक सञ्जालमा लेख्दै उनले राज्यका सबै किसिमका संयन्त्र परिचालन गरी प्रभावित प्रत्येक नागरिकको जीवनरक्षा नै सरकारको पहिलो प्राथमिकता रहेको दोहोर्‍याएका हुन्।

'राज्यका सबै किसिमका संयन्त्रबाट प्रभावित प्रत्येक नागरिकको जीवनरक्षा नै सरकारको पहिलो प्राथमिकता बनेको कुरा दोहोर्‍याउन चाहन्छौं,' प्रधानमन्त्री शाहले भनेका छन्।

रसुवाको भोटेकोशी नदीमा १० भदौमा आएको विनाशकारी बाढीबाट रसुवा, नुवाकोट, धादिङलगायत तटीय क्षेत्रमा भएको ठूलो जनधन तथा भौतिक क्षतिप्रति सरकार अत्यन्त गम्भीर र संवेदनशील रहेको उनले बताए।

प्रधानमन्त्री शाहले बाढी आएलगत्तै सरकारले प्रभावित क्षेत्रमा उद्धार, खोजी तथा राहत कार्यलाई कुनै कसर बाँकी नराखी अहोरात्र तीव्र पारिरहेको बताएका हुन्।

संघ, प्रदेश र स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीसँग निरन्तर समन्वय, सहकार्य र सहजीकरण गर्दै उद्धार तथा राहत कार्यलाई पूर्ण क्षमताका साथ अघि बढाइएको उनले बताएका छन्।

# बाढी प्रभावित क्षेत्रमा प्रहरीको '२४ घण्टे' ड्युटी, ५ हजार ९१७ जना मैदानमा



❒ **कांक्रेविहार संवाददाता**
काठमाडौं, १३ भदौ

नेपाल प्रहरीले बाढी प्रभावित क्षेत्रमा राहत, उद्धार तथा खोजी कार्यलाई प्राथमिकतामा राख्दै ५ हजार ९१७ जना प्रहरी जनशक्ति प्रत्यक्ष रूपमा परिचालन गरेको जनाएको छ।नेपाल प्रहरीका अनुसार प्रहरी महानिरीक्षक, अतिरिक्त महानिरीक्षक तथा नायव महानिरीक्षकहरूको प्रत्यक्ष अनुगमन तथा निर्देशनमा बाढी प्रभावित क्षेत्रमा प्रहरी टोली निरन्तर खटिरहेको छ।

नेपाल प्रहरीका प्रवक्ता प्रहरी नायव महानिरीक्षक अबिनारायण काफ्लेका अनुसार भोटेकोशी र त्रिशूली नदी किनारका प्रत्येक प्रभावित जिल्लामा वरिष्ठ प्रहरी उपरीक्षकको नेतृत्वमा विशेष टोली परिचालन गरिएको छ उद्धार कार्यलाई प्रभावकारी बनाउन सम्पूर्ण प्रहरी कर्मचारीको बिदा रद्द गरी २४ सै घण्टा स्ट्यान्डबाइ राखिएको उनले बताए।रसुवालगायत अति प्रभावित क्षेत्रमा थप विपद् उद्धार टोली र सञ्चार टोली परिचालन गरिएको छ। साथै दूरसञ्चार निकायसँग समन्वय गरी अस्थायी मोबाइल टावर स्थापना गर्नसमेत टोली पठाइएको प्रवक्ता काफ्लेले जानकारी दिए। बाढी विपद्का क्रममा नेपाल प्रहरीका २६ जना कर्मचारी बेपत्ता रहेको उनले बताए। हालसम्म फेला परेका शवमध्ये दुई जना प्रहरी कर्मचारीको शव पहिचान गरी आफन्तलाई बुझाइएको छ। बाँकी शवको पहिचान तथा कानुनी प्रक्रिया पूरा गर्न विशेष टोली परिचालन गरिएको नेपाल प्रहरीले जनाएको छ। प्रवक्ता काफ्लेले बाढी प्रभावित क्षेत्रमा राहत, उद्धार र खोजी कार्यलाई निरन्तरता दिँदै प्रहरी जनशक्ति आवश्यकताअनुसार थप परिचालन भइरहेको बताए।

# कर्णालीका १ सय ९७ जनाको अवस्था अझै अज्ञात, आफन्तको सम्पर्कमा पुगे ७० जना

❒ **कांक्रेविहार संवाददाता**
सुर्खेत, १३ भदौ

रसुवाको भोटेकोसीको विनाशकारी बाढीपछि सम्पर्कविहीन भएका कर्णालीका ७० जना सम्पर्कमा आएका छन्। बुधबार आएको बाढीपछि परिवारको सम्पर्कमा नरहेका २ सय ६७ मध्ये शनिबार साँझसम्म ७० जना सम्पर्कमा आएका हुन्।

प्रदेश प्रहरी कार्यालय सुर्खेतका अनुसार बाढीपश्चात् एक सय ९७ जनाको अवस्था अझै अज्ञात रहेको प्रहरीले जनाएको छ। परिवार तथा आफन्तहरूको सम्पर्कमा नरहेकाहरू अधिकांश रसुवा र नुवाकोट जिल्लामा




जलविद्युत् आयोजनामा कार्यरत मजदुर छन्।

प्रहरीको पछिल्लो अद्यावधिक तथ्यांकअनुसार बाढीपश्चात् सम्पर्कविहीन हुनेहरू जुम्लाका धेरै छन्। जुम्लाबाट ८२ पुरुष हालसम्म पनि परिवारको सम्पर्कमा आएका छैनन्। यस्तै, सुर्खेतका १६ पुरुष र एक महिला गरी १७ जना परिवारको सम्पर्कमा छैनन्।

जाजरकोका दुई पुरुष र एक महिला गरी तीन, सल्यानका ४१ पुरुष, ११ महिला दुई बालक र एक बालिका गरी ५५ जनाको अवस्था अज्ञात छ। यस्तै, रुकुम पश्चिमका चार पुरुष, चार महिला र एक बालक गरी नौ, हुम्लाका चार पुरुष, दुई महिला र एक बालक गरी सात, डोल्पाका एक पुरुष, एक महिला गरी दुई, मुगुका ६ पुरुष, चार महिला र एक बाल गरी ११ र कालीकोटका तीन पुरुष, दुई महिला र एक बालक गरी ६ जनाको अवस्था हालसम्म अज्ञात रहेको प्रहरीले जनाएको छ।

परिवारको सम्पर्कमा नरहेकाहरुको अवस्था पत्ता लगाउन प्रहरीले आवश्यक समन्वय गरिरहेको कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतका प्रवक्ता सन्तोषसिंह राठौरले जानकारी दिए।

सम्पादकीय

# पुरानै रोग दोहोर्‍याउँदै कर्णाली सरकार

कर्णाली प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८३/०८४ का लागि ३५ अर्ब ३९ करोड ८५ लाख ४८ हजार रूपैयाँको बजेट ल्याएको छ । विकास र समृद्धिको अपेक्षासहित ल्याइएको यति ठूलो बजेटको पहिलो महिनाको खर्च भने निराशाजनक देखिएको छ । साउन महिनामा प्रदेश सरकारले जम्मा ३ करोड ७६ लाख ९५ हजार ९०४ रूपैयाँ अर्थात् कुल बजेटको ०.१०६ प्रतिशत मात्र खर्च गरेको तथ्यांक सार्वजनिक भएको छ । यो अवस्था सामान्य सुरूवाती खर्चको विषय मात्र नभई कर्णालीको बजेट कार्यान्वयन क्षमतामाथि गम्भीर प्रश्न हो । विशेषगरी पुँजीगत बजेटको अवस्था अझ चिन्ताजनक छ । विकास निर्माण तथा पूर्वाधारका लागि छुट्याइएको २० अर्ब ७४ करोड ६७ लाख १२ हजार रूपैयाँमध्ये साउनमा जम्मा ३ करोड ३४ लाख ४१ हजार ७२६ रूपैयाँ मात्र खर्च भएको छ । सडक, खानेपानी, भवन, स्वास्थ्य, शिक्षा र अन्य पूर्वाधारमा ठूलो आवश्यकता रहेको प्रदेशमा विकास बजेट नै कार्यान्वयन हुन नसक्नु विडम्बनापूर्ण हो ।

सरकार गठनमा भएको ढिलाइलाई खर्च न्यून हुनुको एउटा कारण मान्न सकिन्छ । मुख्यमन्त्री मंगलबहादुर शाही साउन १२ गते नियुक्त भए पनि मन्त्रिपरिषद्ले पूर्णता पाउन लामो समय लाग्यो । राजनीतिक नेतृत्वको अभावले योजना तथा कार्यक्रम कार्यान्वयनमा असर परेको हुन सक्छ । तर सरकार गठनमा भएको ढिलाइलाई मात्रै बहाना बनाएर बजेट कार्यान्वयनको कमजोरी ढाक्न मिल्दैन । कर्णालीमा बजेट खर्च कम हुनु नयाँ समस्या होइन । हरेक वर्ष बजेट कार्यान्वयन सुस्त हुने र आर्थिक वर्षको अन्तिमतिर हतारमा ठूलो रकम खर्च गर्ने प्रवृत्ति दोहोरिँदै आएको छ । यस्तो प्रवृत्तिले विकासको गुणस्तर कमजोर बनाउने मात्र होइन, अनियमितता र बजेट दुरूपयोगको जोखिमसमेत बढाउँछ ।

त्यसैले प्रदेश सरकारले अब सुरूदेखि नै बजेट कार्यान्वयनको स्पष्ट कार्यतालिका बनाउन आवश्यक छ । मन्त्रालय र मातहतका निकायलाई जिम्मेवार बनाउँदै योजना छनोट, ठेक्का प्रक्रिया, सम्झौता र कार्यान्वयनलाई तीव्रता दिनुपर्छ । खर्चको मात्रा बढाउने नाममा वर्षको अन्त्यमा हतारमा रकम सक्ने होइन, समयमै गुणस्तरीय र परिणाममुखी खर्च गर्ने संस्कार विकास गर्नुपर्छ । कर्णालीलाई बजेटको आकारभन्दा त्यसको प्रभावकारी कार्यान्वयन आवश्यक छ । पहिलो महिनाको कमजोर खर्चले दिएको संकेतलाई सरकारले गम्भीरतापूर्वक लिएर तत्काल सुधारको बाटो रोज्नुपर्छ । अन्यथा यो वर्ष पनि 'बजेट ठूलो, उपलब्धि सानो' भन्ने पुरानै नियति दोहोरिने खतरा छ ।

# कसैको जीवनभन्दा ठूलो तिम्रो कन्टेन्ट हुन सक्दैन !



✍ पलपल समीप

म कुनै पत्रकार होइन । म त शब्दको अर्को किनारमा उभिएर तिनलाई नियाल्ने मान्छे हुँ । कहिलेकाहीँ शब्दमा फूलको सुवास भेट्छु, कहिलेकाहीँ बारूदको गन्ध पाउँछु ।

कहिलेकाहीँ कुनै समाचारले समाजको अनुहार देखाउँछ, कहिलेकाहीँ त्यही समाचारले एउटा मानिसको अनुहारबाट उसको आफ्नै परिचय खोसिदिन्छ ।

सायद त्यसैले आजभोलि समाचार पढ्दा म केवल अक्षर पढ्दिनँ । अक्षरको पछाडि छुटेको एउटा मानिस पनि खोज्छु । कहिलेकाहीँ एउटा शीर्षक आँखामा ठोक्किन्छ । अक्षरहरू ठूला हुन्छन्, शब्दहरू चर्का हुन्छन्, कथा उत्तेजक हुन्छ । शीर्षकले स्क्रिन रोक्छ । तर म सोचिरहन्छु त्यो शीर्षकको अर्को छेउमा को उभिएको छ ?

हामी पढ्छौँ, प्रतिक्रिया दिन्छौँ, खुसी हुन्छौँ, आक्रोश पोख्छौँ, पक्ष र विपक्षमा बाँडिन्छौँ एक हिसाबले एउटा न्यायालय स्थापित गर्छौं र हामी वकिल वा न्यायाधीश बन्छौँ । अनि केही समयपछि अर्को समाचारको पछाडि दौडिन्छौँ । तर जसको नाम त्यो समाचारमा हुन्छ, ऊ कहाँ जाओस् ? हामी त स्क्रिन बन्द गरेर ढुक्कले निदाउन सक्छौँ । रात पूरै निदाउँछ तर ऊ ? हामी अर्को बिहान सामान्य भएर उठ्न सक्छौँ तर उसका लागि भने त्यो बिहानले कस्तो बादल  बोकेर आउला! हामी कल्पना गर्न सक्छौँ ?

यो दोष केवल समाचार लेख्नेको मात्र होइन, उत्तेजक शीर्षक खोज्दै औँला नचाउने हाम्रा आँखाहरू र क्षणिक आनन्दका लागि कमेन्ट/सेयर गर्ने हाम्रा औँलाहरूको पनि हो । आजकल समाचार मानिसका लागि मात्र होइन, सामाजिक सञ्जालका निर्दयी 'एल्गोरिदम'लाई खुसी पार्न लेखिन थालेका छन् । तर मेसिनले न कसैको आँसु बुझ्छ, न कसैको आत्मसम्मान । क्लिक र भ्युजको यो होडमा हामी दर्शक मात्र रहेनौँ, कसैको जीवन लिलाम गर्ने अनलाइन अदालतका मतियार बन्यौँ ।

यही ठाउँमा पुगेर मलाई पत्रकारिताभन्दा पहिले मानिस सम्झना आउँछ । कहिलेकाहीँ शब्दहरू फूलजस्ता मात्र हुँदैनन्, काँडाजस्ता पनि हुन्छन् । कुन शब्द कस्तो धरतीमा रोपिन्छ र हुर्किन्छ, लेख्ने हातले एकपटक सोच्नुपदर्छ । एउटा अपुष्ट वाक्य कसैको प्रतिष्ठाको दाग हुन सक्छ । एउटा अधुरो सन्दर्भ कसैको चरित्रमा लगाइएको कालो टीका बन्न सक्छ । एउटा उत्तेजक शीर्षक कसैको घरको ढोकामा बज्रिएको चट्याङ्ग पनि हुन सक्छ र एउटा गलत आरोप त्यो मानिसले वर्षौंको प्रतिफल माथिको बज्रपात हुन सक्छ । तर हामी त्यसलाई के भन्छौँ ?

कन्टेन्ट ....

कति सहज शब्द छ यो 'कन्टेन्ट' । मानौं त्यसमा कुनै धड्कन छैन र यो गुनासो केवल मैदानमा खटिने रिपोर्टरप्रति मात्र होइन, मिडिया हाउसका ती सञ्चालकहरूसँग पनि हो जसले भ्युज, स्पन्सर र विज्ञापनको नाममा कलम चलाउने हातहरूलाई अमानवीय 'टार्गेट' पूरा गर्ने मेसिन बनाएका छन् । मानौँ त्यसको कुनै घर छैन । मानौँ त्यसका पछाडि कसैकी आमा छैनन्, बाबु छैनन्, जीवनसाथी छैनन्, छोराछोरी छैनन्, साथीहरू छैनन् । मानौँ त्यो नामको पछाडि एउटा मन होइन, केवल एउटा 'स्टोरी' छ । यही सहजताले मलाई असहज बनाउँछ ।

मलाई पत्रकारितासँग गुनासो छैन । बरू पत्रकारितासँग मेरो अपेक्षा छ । समाजमा धेरै आवाजहरू छन्, जो आफै बोल्न सक्दैनन् । कतिपय सत्यहरू अँध्यारो कुनामा थुनिएका हुन्छन् । कतिपय अन्यायहरू शक्तिको बाक्लो पर्दाभित्र लुकेका हुन्छन् । त्यहाँ पत्रकारिता एउटा दियो बनिदिए हुन्थ्यो लाग्छ अँध्यारोमा बाटो देखाइदिने । नकि कसैको घर जलाउने आगो । उज्यालोको सामर्थ्य बोकेको कलममा आगोको सम्भावना पनि धेरै छ त्यसैले कलम चलाउँदा सोचेर चलाइयोस् जस्तो लाग्छ ।

कलम चलाउने हातभन्दा पहिले त्यो हातको विवेक पनि चलोस । मेरो मनमा चलिरहने प्रश्न समाचारको ढोका खोल्नुअघि एउटा सानो ढकढक्याइ हुनुपर्छ कि पर्दैन ? यो सत्य हो ? यसको स्रोत के हो ? यसको अर्को पाटो के हो ? यसमा सम्बन्धित मानिसको आवाज कहाँ छ ? र सबैभन्दा महत्त्वपूर्ण कुरा के यो सार्वजनिक गर्नैपर्ने कुरा हो ? सायद पत्रकारिताको सबैभन्दा कठिन प्रश्न यही अन्तिम प्रश्न हो ।

किनकि सबै थाहा पाउनु हाम्रो अधिकार नहुन सक्छ । हरेक कुरा सार्वजनिक सम्पत्ति हुँदैन । मानिसको निजी जीवन कुनै खुल्ला चौतारी होइन, जहाँ जो कोही आएर आफ्नो विचारको भारी बिसाउन । म कहिलेकाहीँ आफूलाई नै त्यो समाचारको पात्र बनाएर हेर्छु । यदि मेरो नाम त्यो शीर्षकमा हुन्थ्यो भने ? यदि मेरा तस्वीरहरू त्यही कथासँग जोडिन्थे भने ? यदि मेरो परिवारले त्यो पढ्थ्यो भने ? यदि मलाई चिन्ने मानिसहरूले समाचार पढेर मेरो बारेमा धारणा बनाउँथे भने ? र यदि त्यसमा लेखिएका केही कुरा अपुष्ट, अधुरा वा गलत हुन्थे भने म कहाँ भेटिन्थैँ ? ती क्रियटरले यसरी नसोच्ने र ? समाचार लेख्ने मानिसले आफ्नो स्क्रिनमा एउटा कथा देख्छ । तर समाचारको पात्रले त्यही स्क्रिनमा आफ्नो जीवन देखिरहेको हुन्छ । यो दूरी धेरै ठूलो छ ।

एकातिर कन्टेन्ट छ, अर्कोतिर जीवन । एकातिर पैशा छ, अर्कोतिर परिवार । त्यसैले मलाई लाग्छ, पत्रकारितामा तथ्यको फिल्टर भएर मात्र पुग्दैन । स्रोतको, सन्दर्भको, कानुनको फिल्टर चाहिन्छ । तर यी सबैभन्दा माथि एउटा अदृश्य, तर सबैभन्दा आवश्यक फिल्टर चाहिन्छ, मानवताको । किनकि तथ्य सही भएर मात्र समाचार सही हुँदैन, त्यसलाई कसरी प्रस्तुत गरियो भन्ने कुराले पनि त्यसको नैतिकता निर्धारण गर्दछ । सत्यको हात समातेर हिँड्ने पत्रकारिता र सनसनीको वायुपंखी चढेर दौडिने पत्रकारिता कदापी एउटै हुन सक्दैन ।

मलाई त्यस्तो पत्रकारिता मन पर्छ जसले समाजका कथित शक्तिशालीको ढोका ढकढक्याउँछ न कि कमजोरको झ्यालबाट चियाउँछ । मलाई त्यस्तो पत्रकारिता चाहिन्छ, जसले प्रश्न गर्छ, तर प्रश्नकै नाममा फैसला सुनाउँदैन । जसले खोज्छ, तर खोज्ने क्रममा कसैलाई शिकार बनाउँदैन । जसले सत्यलाई उज्यालोमा ल्याउँछ, तर कसैको जीवनमा आगो लगाउँदैन ।

आजको समय झन् तीव्र छ । हिजो एउटा खबर छापिन घण्टौँ लाग्थ्यो । आज एउटा औँलाको स्पर्श संसार घुम्छ । हिजो अखबारको पन्नामा सीमित हुन्थ्यो, आज स्क्रिनमा दोहोरिरहन्छ । कागजको पत्रिका त भोलिपल्टै पुराना सामान बेच्ने कुनामा मिल्काइन्थ्यो तर स्क्रिनमा छापिएका दाग कहिल्यै मेटिँदैनन्, ती डिजिटल फुटप्रिन्ट बनेर वर्षौंसम्म रहिरहन्छन् । भोलि समाचारको त्यो पात्रका छोराछोरी र भावी पुस्ताले समेत त्यही अपुष्ट र उत्तेजक शीर्षक पढेर शिर झुकाउनुपर्ने हुनसक्छ । पछि मागिने क्षमाको त्यो अदृश्य खण्डनले अपमानको घनत्व कहिल्यै पूर्ति गर्न सक्ला ? हिजो गल्ती सच्याउन अर्को दिनको पत्रिका कुर्नुपर्थ्यो, आज गलत सूचना केही सेकेन्डमै हजारौँ मानिसको स्मृतिमा पुगिसक्छन् । दिन त डिजिटल समयले समाचारलाई पखेँटा दिएको छ ।

तर मलाई डर लाग्छ कतै हामीले ती पखेँटालाई विवेकको दिशा दिन बिर्सिरहेका त छैनौँ ? किनकि उडेको शब्द फर्केर आउँदैन । उसले आफ्नो बाटोमा भेटिएका मानिसहरूको जीवन छेडिसकेको हुन्छ र कालान्तरसम्मको लागि आफ्नो प्रभाव छोडेको हुन्छ । त्यसैले म चाहन्छु कलम चलाउनेहरूले शब्दलाई केवल अक्षर नठानून् । शब्दको पछाडि मानिस देखून् । समाचारलाई केवल बजार नठानून् । त्यसको अर्को छेउमा उभिएको जीवन पनि देखून् । भ्युजको संख्याभन्दा बाहिर एउटा मान्छेको आँसु पनि गनून् । क्लिकको आवाजभन्दा पर एउटा मानिसको सिङ्गो जीवन देखुन् ।

समाचार लेख्नुहोस् । सत्य लेख्नुहोस् । प्रश्न गर्नुहोस् । अन्यायको विरूद्धमा बोल्नुहोस् । अन्ततः पत्रकारिता समाजकै लागि हो । त्यसैले समाचारको अर्को छेउमा उभिएको मानिसलाई एकपटक हेर्नुस् । तपाईंले लेख्न लागेको कुरा तपाईंका लागि एउटा 'स्टोरी' हुन सक्छ । तर उसको लागि ? तपाईंका लागि त्यो एउटा कन्टेन्ट हुन सक्छ, तर उसको लागि त्यो घर हुन सक्छ । उसको सम्बन्ध हुन सक्छ, उसको आत्मसम्मान हुन सक्छ । उसको रातको निद्रा हुन सक्छ । उसको भोलिप्रतिको विश्वास हुन सक्छ । सायद उसको पूरै जीवन हुन सक्छ । तपाईंका लागि केही सेकेन्डको क्लिक होला तर उसका लागि त्यो आमरण छायाँ बन्न सक्छ ।

त्यसैले, आदरणीय  पत्रकार महोदय, कलम चलाउनुहोस् । तर कलमको टुप्पोमा मसीभन्दा पहिले अलिकति मानवता राख्नुहोस् । किनकि कसैको जीवनभन्दा ठूलो तपाईंको कन्टेन्ट हुन सक्दैन ।

# प्रधानमन्त्री राहत कोषमा जम्मा भयो ५ अर्ब सहयोग



**काँक्रेविहार संवाददाता**
काठमाडौं, १३ भदौ

भोटेकोशी बाढीमा फसेकाको उद्धार एवं राहतका लागि प्रधानमन्त्री राहत कोषमा ५ अर्ब बढी रकम जम्मा भएको छ ।

प्रधानमन्त्री बालेन शाहका अनुसार ९ वटा वाणिज्य बैंकको खाताहरूमा ५ अर्ब ४ करोड ४६ लाख ८१ हजार ३६९ रुपैयाँ  रकम जम्मा भएको हो ।

यस्तै, हिमालयन र लक्ष्मी बैंकमा थप १८ लाख ८ हजार १८९ अमेरिकी डलर जम्मा भएको उनले बताए ।

साथै प्रधानमन्त्री बालेनले सहयोगको पारदर्शी उपयोग, सही व्यवस्थापन र सम्भावित वित्तीय ठगीबाट बच्नका लागि सरकारले सार्वजनिक गरेको आधिकारिक 'क्युआरकोड' र आधिकारीक खातामा रकम जम्मा गर्न आग्रह गरेका छन् ।

उनले भनेका छन् 'विपद्को यस विषम परिस्थितिमा प्राप्त हुने सहयोगको पारदर्शी उपयोग, सही व्यवस्थापन र सम्भावित वित्तीय ठगीबाट बच्नका लागि सरकारले सार्वजनिक गरेको आधिकारिक 'क्युआरकोड' र खाताको नाम (प्रधानमन्त्री दैवी प्रकोप कोष र प्रधानमन्त्री कोष)मा मात्र आर्थिक सहयोग गरिदिनुहुन अनुरोध गरिन्छ' ।

# पहिरोको उच्च जोखिममा रहेको छात्रावासमा बस्न बाध्य विद्यार्थी

**काँक्रेविहार संवाददाता**
हुम्ला, १३ भदौ

पहिरोका कारण उच्च जोखिममा परेको विद्यालयको छात्रावासमा विद्यार्थीलाई बस्नुपर्ने बाध्यता रहेको छ । ताँजाकोट गाउँपालिका-५ स्थित मदानादेव माध्यमिक विद्यालयको छात्रावास भवनको जग नजिकै पहिरो गएपछि जोखिम बढेको भए पनि अन्य विकल्प नहुँदा विद्यार्थीहरू त्यहीँ बस्न बाध्य भएका हुन् ।

केही दिनअघि गएको पहिरोले छात्रावास भवनको जग नजिकैको जमिन बगाएपछि जोखिम बढेको भए पनि विद्यार्थी र आफू पनि सोही छात्रावासमा बस्नुपरेको छात्रावासका वार्डेन जीवन ढकालले बताए ।

भवनको जग नजिकैसम्म पहिरो पुगेपछि विद्यार्थीले छात्रावास नछाडेर कोठामै बसिरहेको उनले बताए । "पानी पर्न सुरु भएपछि कतिबेला के हुन्छ भन्न सकिने अवस्था छैन," उनले भने ।

पहिरोले भवनको सुरक्षाका लागि लगाइएको ग्याबिन तथा घेरबारसमेत बगाइसकेको छ । एक वर्षअघि निर्माण सम्पन्न भएको छात्रावासमा विद्यार्थी, वार्डेन र भान्सेसहित ४६ जना बस्दै आएका छन् । छात्रावासमा कक्षा ६ देखि १० सम्मका विद्यार्थी बस्ने गरेका छन् ।

वर्षा भइरहेको अवस्थामा समेत जोखिमयुक्त छात्रावासमै विद्यार्थीलाई राख्नुपर्ने अवस्था रहेको विद्यालयले जनाएको छ । छात्रावास जोखिममा रहेको जानकारी वडा अध्यक्ष, प्रहरी, अभिभावक तथा विद्यालय व्यवस्थापन समितिलाई गराइसकिएको छ । केही समयका लागि विद्यार्थीलाई अन्यत्र बस्ने व्यवस्था मिलाइदिनसमेत आग्रह गरिएको छ ।

## जाजरकोटमा...

अवस्था छ । केही घरमा भने सामान्य मर्मत आवश्यक रहेको अधिकारीले बताए ।

कार्यविधिका प्रावधान तथा लाभग्राही प्रमाणीकरणमा देखिएका प्रक्रियागत समस्याका कारण पुनर्निर्माणमा ढिलाइ भएको उनको भनाइ छ ।

हाल कार्यविधिअनुसार लाभग्राही छनोट गरेर पुनर्निर्माण अघि बढाइएको छ । भेरी नगरपालिकाका ६ सय १२ र नलगाड नगरपालिकाका ४ सय ७२ लाभग्राही पुनर्निर्माणका लागि छनोट भएका छन् ।

भेरीका ६ सय १२ लाभग्राहीमध्ये १ सय ८८ जनाको पहिलो किस्ता निकासाका लागि माग गरिएको छ ।

## एक...

संसदमा पटक-पटक भूकम्पपीडितको पुनर्निर्माणको विषय उठाउँदै आएको उल्लेख गर्दै एक वर्षभित्र जाजरकोटका ७ हजार प्रभावित परिवारका घर निर्माण गर्ने गरी सरकारसँग पहल गर्ने प्रतिबद्धता जनाए ।

पुनर्निर्माण जुन गतिमा हुनुपर्ने थियो, त्यो हुन सकेन, उनले भने, ढिलै भए पनि काम सुरु भएको छ । अब सरकारले बहानाबाजी गरेर नागरिकलाई दुःख दिनु हुँदैन ।

३४ महिनासम्म अस्थायी टहरोमा बिताएका भूकम्पपीडितका लागि एउटा घरको शिलान्यास केवल निर्माणको सुरुवात मात्र होइन, लामो समयदेखि पर्खिएको सुरक्षित आवासको आशा पनि हो ।

अब रावत गाउँबाट सुरु भएको पुनर्निर्माण अभियान जिल्लाका सबै प्रभावित बस्तीमा तीव्र रूपमा विस्तार गर्नु सरकारको मुख्य जिम्मेवारी बनेको छ ।

# अब के हुन्छ कांग्रेस महाधिवेशनसम्बन्धी कार्यतालिका ?



कांक्रेविहार संवाददाता
काठमाडौं, १३ भदौ

नेपाली कांग्रेसको विशेष महाधिवेशनबाट चयन भएको कार्यसमितिलाई १५औं महाधिवेशनको प्रक्रिया अगाडि बढाउन बाटो खुलेको छ ।

कांग्रेसका निवर्तमान सभापति शेरबहादुर देउवा र निवर्तमान उपसभापति पूर्णबहादुर खड्काले महाधिवेशन प्रक्रिया रोक्न उत्प्रेषणको माग राख्दै दर्ता गराएको पूरक निवेदन सर्वोच्च अदालतले अस्वीकार गरेपछि गगन कुमार थापा नेतृत्वको कार्यसमितिलाई महाधिवेशन प्रक्रिया अगाडि बढाउन बाटो खुलेको हो ।

बिहीबार न्यायाधीशहरू डा. नहकुल सुवेदी, महेश शर्मा पौडेल र मेघराज पोखरेलको इजलासले अन्तरकालीन आदेश दिन अस्वीकार गर्‍यो । योसँगै थापा नेतृत्वले भदौ २४ गते वडा अधिवेशन सुरु गरेर असोज १६ देखि १९ गतेसम्म काठमाडौंमा पार्टीको १५औं महाधिवेशन गर्नेगरी ल्याएको कार्यतालिका अगाडि बढाउने बाटो खुलेको हो । कांग्रेसले भदौ २४ गतेदेखि वडा अधिवेशन सुरु गरेर असोज १९ गतेसम्म १५औं महाधिवेशन सम्पन्न गर्ने गरी महाधिवेशन कार्यतालिका ल्याएको छ । योसँगै गत पुस २७ देखि ३० गतेसम्म भएको विशेष महाधिवेशनपछि सुरु भएको कांग्रेस विवाद कसरी अगाडि बढ्छ भन्ने चर्चा सुरु भएको छ ।

उपसभापति विश्वप्रकाश शर्माले शुक्रबार बिहान पार्टीलाई एकताबद्ध बनाएर अगाडि बढाउन आग्रह गरेका छन् । 'नेपाली कांग्रेसको महाधिवेशन रोक्न माग गरिएको रिटमा सर्वोच्च अदालतले अन्तरिम आदेश नदिएपछि अब एकताबद्ध भएर अघि बढ्नुपर्छ । सबै विमति भुलेर सहकार्यमा आउन उनले असन्तुष्ट पक्षलाई आग्रह गर्दछु,' उपसभापति शर्माले भिडियो सन्देशमा भनेका छन् ।

'सर्वोच्चको पूर्ण इजलाशले फैसला पुनरवलोकन आदेश दिएको हो । त्यसलाई आधार मान्नुपर्नेमा त्यो भन्दा अगाडिको फैसलालाई आधार बनाइयो,' डा.महतले भने ।' यता इतर (निवर्तमान सभापति शेरबहादुर देउवा र नेता डा.शेखर कोइराला)समूहले सर्वोच्चले पुनरवलोकन आदेशलाई आधार मान्नुपर्नेमा गत वैशाख ४ गतेको फैसलालाई आधार मानेको भन्दै असन्तुष्टि जाहेर गरेको छ । समूहका नेता तथा निवर्तमान प्रवक्ता डा. प्रकाशशरण महतले सर्वोच्चले आफूले दिएको पुनरवलोकन आदेशलाई आधार नमानेर फैसलालाई आधार मानेको भन्दै असन्तुष्टि जनाए ।

अब कसरी अगाडि बढ्ने भन्ने बैठक बसेर तय गरिने डा. महतको भनाइ छ । 'सर्वोच्चको पूर्ण इजलाशले फैसला पुनरवलोकन आदेश दिएको हो । त्यसलाई आधार मान्नुपर्नेमा त्यो भन्दा अगाडिको फैसलालाई आधार बनाइयो,' डा.महतले भने ।

पुनरवलोकनको फैसला संस्थापनले तोकेको मिति भन्दा पछाडि हुने देखियो भने आफूहरूले पनि छुट्टै अधिवेशन गर्नेबारेको पनि कुराकानी भइरहेको जानकारी डा. महतले दिए । 'अब पुनरवलोकनको फैसला आउन महाधिवेशनभन्दा पछि हुने जस्तो देखियो भने त हामीले पनि छुट्टै अधिवेशनहरू गर्नुपर्ने हुनसक्छ । त्यसबारे पनि कुराकानी भइरहेको छ' डा. महतले भने । यसैबिच, १५ औं केन्द्रीय महाधिवेशन तयारी समितिका संयोजक डा. शशांक कोइरालाले शनिबारबार एक प्रेस विज्ञप्ति जारी गर्दै इतर पक्षले १५ औं महाधिवेशनका लागि छुट्टै कार्यतालिका सार्वजनिक गर्ने जानकारी दिएका छन् । पार्टीको केन्द्रीय कार्यसमितिको आधिकारिकताको मुद्दा सर्वोच्च अदालतमा विचाराधीन रहेको उल्लेख गर्दै पार्टीको विधान र संविधान अनुसार वर्तमान कार्यसमितिको पदावधि सकिन लागेको कोइरालाले बताए। आगामी वैशाखमा हुने स्थानीय तहको निर्वाचन र त्यसको केही समयपछि हुने प्रदेश सभा निर्वाचनलाई मध्यनजर गर्दै पार्टीलाई सुदृढ बनाउन महाधिवेशन अनिवार्य भएको उनले उल्लेख गरे।

'कथित विशेष महाधिवेशनबाट स्वघोषित कार्यसमितिले गर्ने गराउने अधिवेशन तथा महाधिवेशन सम्बन्धी गतिविधिमा सामेल नभई चौथौं महाधिवेशनबाट निर्वाचित वैधानिक कार्यसमितिले गराउने महाधिवेशनको तयारीमा जुट्न सबै तहका साथीहरूलाई हार्दिक अनुरोध गर्दछु,' विज्ञप्तिमा उल्लेख छ।

संस्थापनले भने पार्टीको १५औं महाधिवेशनका पूर्वनिर्धारित कार्यक्रम सुरु गर्ने र सबैलाई भाग लिने वातावरण निर्माण गर्न प्रयास गर्ने बताएको छ ।

प्रवक्ता चालिसेले अधिवेशनका क्रियाकलाप अगाडी बढाउन अदालतले बाटो खोलिदिएकाले आफूहरूले पूर्वनिर्धारित कार्यक्रमलाई निरन्तरता दिने बताए । प्रवक्ता देवराज चालिसेले पूर्वनिर्धारित कार्यक्रमलाई अगाडि बढाउँदै सबैलाई महाधिवेशनमा भाग लिने वातावरण निर्माण गर्न आफूहरू लाग्ने बताए । 'सर्वोच्चको आदेशपछि बैठक बसेर कुनै निर्णय त गरेका छैनौं । तर, १५औं महाधिवेशनका पूर्वनिर्धारित कार्यक्रम यथावत रहन्छन्,' प्रवक्ता चालिसेले भने, 'कानुनी विवादमा पार्टी अधिवेशनलाई झमेलामा पार्न हुँदैन भनेर हामीले भन्दै आएका थियो । त्यसै अनुरुप संस्थाको संस्थागत निरन्तरताको पक्षमा अदालतको आदेश आएको छ ।'

प्रवक्ता चालिसेले अधिवेशनका क्रियाकलाप अगाडि बढाउन अदालतले बाटो खोलिदिएकाले आफूहरूले पूर्वनिर्धारित कार्यक्रमलाई निरन्तरता दिने बताए । कांग्रेसको आधिकारिता विवादमा निर्वाचन आयोगले गत माघ २ गते विशेष महाधिवेशनबाट थापाको सभापतित्वमा चयन भएको कार्यसमितिलाई मान्यता दिएको थियो । त्यसविरुद्ध परेको रिटमा सर्वोच्चले वैशाख ४ गते आयोगकै निर्णयलाई सदर गरिदिएको थियो ।

देउवा र खड्काले फैसलामा पुनः सुनुवाइको माग गरी पुनरवलोकनको दिनवेदन दिएकोमा सर्वोच्चबाट पुनः फैसला गर्ने निर्णय गरेको थियो । त्यो फैसला भने भएको छैन ।

कांग्रेसको केन्द्रीय निर्वाचन समितिका पूर्वसदस्य तथा वरिष्ठ अधिवक्ता एगराज पोखरेलले विशेष महाधिवेशनबाट आएको केन्द्रीय कार्यसमितिलाई १५औं महाधिवेशनका गतिविधि अगाडि बढाउन बाटो खुला भएको बताए ।

'अन्तरकालीन आदेश नआएपछि विशेष महाधिवेशनबाट आएको समितिलाई महाधिवेशनका गतिविधि अगाडि बढाउन बाटो खुलेको छ, तर पुनरवलोकनको फैसला आउन बाँकी नै छ,' वरिष्ठ अधिवक्ता पोखरेलले भने, 'फैसला पुनरवलोकन भयो भने यो कार्यसमितिले गरेका अधिवेशन उल्टिन्छन् ।'

कसरी उल्टिन्छन् भन्ने प्रश्नमा पोखरेलले भने, 'विशेष महाधिवेशन नै अवैध भयो भने उसले गरेका पार्टीका क्रियाकलाप त वैध हुने कुरा भएन ।'

# चिनियाँ टोलीलाई उद्धारको अनुमति, थाल्यो काम



कांक्रेविहार संवाददाता
काठमाडौं, १३ भदौ

बाढीका कारण प्रभावित बनेको रसुवास्थित माथिल्लो त्रिशूली ३ ' बी' जलविद्युत् आयोजनाको सुरुङभित्र फसेका मानिसहरूको सुरक्षित उद्धारका लागि नेपाल सरकारले विशेष संयन्त्र परिचालन गर्दै निरन्तर प्रयास जारी राखेको छ ।

अत्यन्त जोखिमपूर्ण र प्राविधिक रूपमा जटिल मानिएको यस उद्धार कार्यलाई थप प्रभावकारी बनाउन नेपाल सरकारको अनुमतिमा प्राविधिक रूपमा उच्च दक्ष चिनियाँ विज्ञ टोलीलाई परिचालन गरिएको छ । सरकारको अनुमतिपश्चात् ६ जना सम्मिलित चिनियाँ विज्ञ टोली मैदानमा खटिएको हो ।

चिनियाँ हेलिकप्टरमार्फत सोझै त्रिशूली क्षेत्रमा अवतरण गरेको उक्त टोलीले नेपाली सेनाको विज्ञ टोलीसँग पूर्ण समन्वय र सहकार्य गर्दै संयुक्त रूपमा उद्धारको काम सुरु गर्नेछ ।

संयुक्त टोलीले सुरुङभित्रको वस्तुस्थिति र सम्भाव्यताको प्राविधिक 'रेकी' (अनुगमन) गर्नेछ । प्रारम्भिक अनुगमनका आधारमा उद्धार सम्भव हुने देखिएमा चीनतर्फ रसुवा सीमा क्षेत्रमा 'स्ट्यान्डबाई अवस्थामा राखिएका चिनियाँ विज्ञहरूलाई पनि तत्काल घटनास्थलमा बोलाइनेछ ।

सुरुङभित्रको अवस्था अत्यन्त चुनौतीपूर्ण भए तापनि नेपाल सरकार, नेपाली सेना र चिनियाँ विज्ञ टोलीको एकीकृत प्रयासबाट फसेका श्रमिकहरूलाई सकुशल बाहिर निकाल्न हरसम्भव कोसिस भइरहेको छ ।

# पहिचान नखुलेका २२८ शव देवघाटको जङ्गलमा व्यवस्थापन गरियो



कांक्रेविहार संवाददाता
चितवन, १३ भदौ

भोटेकोशीमा आएको विनाशकारी बाढीपछि नारायणी नदी किनारमा फेला परेका पहिचान खुल्न नसकेका शवलाई देवघाटस्थित जंगलमा व्यवस्थापन गरिएको छ ।

चितवनमा हालसम्म फेला परेका २३३ शवमध्ये पाँचवटाको मात्र पहिचान खुलेको छ । पहिचान हुन नसकेका शव सड्न-गल्न थालेपछि दुर्गन्ध फैलिनुका साथै सङ्क्रमणको जोखिम बढेकाले जिल्ला सुरक्षा समितिको निर्णयअनुसार शव व्यवस्थापनको गरिएको हो ।

शव व्यवस्थापनका लागि भरतपुर महानगरपालिका-१ स्थित रामनगर-देवघाट सडकखण्ड नजिकको जङ्गलमा स्थान तयार पारिएको थियो । सुरक्षाकर्मीको उपस्थितिमा दुईवटा डोजर प्रयोग गरी तीनवटा खाडल खनिएको थियो । प्रत्येक खाडल करिब १.५ मिटर गहिरो रहेको छ ।

खाडल खन्दा जङ्गलमा रहेका सालका रुखलाई सकेसम्म जोगाइएको छ । शवलाई व्यवस्थित रूपमा राख्न एकातर्फ खुड्डा र अर्कोतर्फ टाउको पर्ने गरी व्यवस्थापन गरिएको चितवनका प्रहरी प्रमुख एसपी रामेश्वर पौडेलले बताए ।

उनका अनुसार पहिचान नखुलेका शवलाई ब्यागमा राखेर व्यवस्थापन गरियो । शव व्यवस्थापनका लागि आवश्यक ब्यागको अभाव नरहेको उनले बताए ।

# 'खाना खाएर निस्किउँला' भनेकी पुष्पा बाढीपछि बेपत्ता, चार दिनदेखि परिवार पर्खाइमा

कांक्रेविहार संवाददाता
धनगढी, १३ भदौ

रसुवाको बेत्रावती क्षेत्रमा आएको भीषण बाढीपछि धनगढी उपमहानगरपालिका-५ की २४ वर्षीया पुष्पा शाही सम्पर्कविहीन भएकी छन् । शाही एनएमबी लघुवित्त वित्तीय संस्था लिमिटेडको बेत्रावती शाखा, रसुवामा फिल्ड अफिसरका रूपमा कार्यरत थिइन् ।

परिवारका अनुसार बाढी आएको दिन बिहानदेखि शाहीसँग सम्पर्क हुन सकेको छैन । उनको मोबाइलको अन्तिम लोकेसन नुवाकोटको विदुर नगरपालिका, जितेटार क्षेत्रमा देखिएको थियो । परिवारका अनुसार बाढी आउने दिन बिहान ११ बजेर २९ मिनेटमा उक्त स्थानमा मोबाइलको लोकेसन देखिएपछि मोबाइल बन्द भएको थियो । शाहीका भिनाजु दिपक बहादुर सिंहका अनुसार त्यसपछि उनको अवस्थाबारे कुनै जानकारी प्राप्त भएको छैन । सिंहले उनी जीवित छिन्, घाइते छिन् वा बाढीमा परेकी छन् भन्नेबारे समेत अहिलेसम्म यकिन हुन नसकेको बताए । 'अहिलेसम्म कुनै खबर आएको छैन,' सिंहले भने ।

उनका अनुसार शाही कार्यरत लघुवित्तको शाखा कार्यालय र उनी बस्दै आएको घरसमेत बाढीका कारण पूर्ण रूपमा क्षतिग्रस्त भएको जानकारी आएको छ । शाही कार्यालयबाट करिब १०० मिटर माथि रहेको एउटा घरमा भाडाको कोठा लिएर बस्दै आएकी थिइन् । बाढी आउनुअघि शाही कार्यालयमै रहेको जानकारी परिवारले पाएको छ । उक्त शाखामा तीन जना कर्मचारी शाखा प्रमुख शारदा पाण्डे, फिल्ड अफिसर पुष्पा शाही र कार्यालय सहयोगी सुष्मा अधिकारी थिए ।

परिवारका अनुसार बाढी आउन लागेको जानकारी पाएपछि कार्यालय सहयोगी सुष्मा अधिकारी आफ्नो बच्चासहित सुरक्षित स्थानमा पुगेको तर पुष्पा भने खाना खाएर निस्किउँला भनेर बसेकी थिइन् । शाखा प्रमुख शारदा पाण्डे र पुष्पा शाहीको अवस्था भने पत्ता लाग्न नसकेको बताइएको छ । परिवारका अनुसार पुष्पा शाही करिब एक वर्षदेखि एनएमबी लघुवित्तमा कार्यरत थिइन् । उनी जागिरसँगै ब्याचलर तहको अध्ययनसमेत गरिरहेकी थिइन् । बाढी आउनुभन्दा अघिल्लो साँझ उनले आमा, बुवा, दिदी, दाइ र भाइहरूसँग फोनमा कुराकानी गरेकी थिइन् । त्यसपछि भने परिवारसँग उनको सम्पर्क हुन सकेको छैन ।

पुष्पाका भिनाजु सिंहका अनुसार परिवारका लागि उनको आम्दानी नै महत्वपूर्ण आर्थिक स्रोत थियो । परिवारका अनुसार पुष्पा मिलनसार स्वभावकी थिइन् । जागिर गरेर आफ्नै खुट्टामा उभिने र आर्थिक रूपमा स्वावलम्बी भएपछि मात्रै विवाहबारे सोच्ने उनको योजना थियो । उनको खोजी तथा उद्धारका लागि परिवारले सुरक्षाकर्मी र सम्बन्धित निकायसँग आग्रह गरेको छ । पुष्पाको खोजीका लागि लघुवित्त संस्थासँग पनि परिवारले समन्वय गरिरहेको छ । संस्थाको पोखरास्थित केन्द्रीय कार्यालयका अधिकारीसँग सम्पर्क गरी खोजी कार्यमा कर्मचारी परिचालन गरिएको जानकारी परिवारले पाएको छ ।

यसैबिच, पुष्पाका दाइ रोशन शाहीलाई परिवारले धनगढीबाट काठमाडौं पठाएको छ । सडकमार्गबाट घटनास्थलतर्फ जान कठिन भएपछि उनलाई विमानमार्फत काठमाडौं पठाइएको हो । काठमाडौं पुगेपछि नुवाकोटतर्फ गएर खोजी कार्यमा सहभागी हुने तयारी गरिएको परिवारले जनाएको छ ।

सूचना, समाचार तथा विज्ञापनको लागि
९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला ।

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
ह.नि.सु.द.नं. ०१/२०८२/०८३

## चार दिनदेखि सुरुङमै, परिवारका सदस्य भन्छन्–

# छिटो उद्धार भए हाम्रा मान्छे बाँच्ने थिए



❑ **काँक्रेविहार संवाददाता**
सुर्खेत, १३ भदौ

बुधबार (१० भदौ) बिहान भोटेकोसी र त्रिशूली नदीआसपासका बस्तीमा सधैँझैँ चहलपहल थियो। गृहिणी खाना पकाउँदै थिए, विद्यार्थी विद्यालय पुग्दै थिए, कर्मचारी कार्यालय जाँदै थिए। निर्माण र जलविद्युत् आयोजनामा काम गर्ने मजदुर पनि आ-आफ्नो काममा जुटिसकेका थिए।

रोजगारीका लागि घरबाट टाढा पुगेकाहरू दसैंमा घर फर्कने योजनासहित काम गरिरहेका थिए। पर्यटक र तीर्थयात्री गोसाइँकुण्ड तथा मानसरोवरतर्फ लाग्दै थिए। काम विशेषले घरबाट हतारहतार हिँडेकाहरू पनि बाटोमै थिए। विडम्बना, केही घण्टामै भोटेकोसीको भीषण बाढीले सबै दृश्य बदलिदियो। बाढीले रसुवा, नुवाकोट र धादिङका नदी किनारका बस्ती, बजार, सडक तथा जलविद्युत् आयोजनामा ठूलो क्षति पुर्‍यायो। हजारौँ नागरिक सम्पर्कविहीन भए। अहिले उनीहरूका परिवार एउटै खबरको प्रतीक्षामा छन्– आफन्त जीवित छन् कि छैनन् ?

भोटेकोसीको भीषण बाढीले हजारौँको ज्यान मात्र लिएन, जीवित बचेका, छुटेका केहीको जीवन निकै कष्टकर बनेको छ। खासगरी रसुवा, नुवाकोट र धादिङको भोटेकोसी र त्रिशूली नदी बेसिनका फाँटहरूका बस्ती, शहर र बजार भोटेकोसीको महाविपत्तिले खण्डहर बनेका छन्। ऊर्जा विकासको हब मानिने रसुवा र नुवाकोटका विभिन्न जलविद्युत् आयोजनामा कार्यरत कर्मचारी र मजदुरहरू सम्पर्कविहीन छन्।

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान) का अनुसार बाढीपछि रसुवा र नुवाकोटमा सञ्चालनमा रहेका तथा निर्माणाधीन ११ जलविद्युत् आयोजनामा कार्यरत नौ सय १६ कर्मचारी तथा मजदुरको अवस्था अज्ञात छ। सम्पर्कविहीनमध्ये कतिपय सुरुङभित्र फसेका छन्। उद्धारमा नेपाली सेना परिचालन भए पनि बाढीले थुनिएका सुरुङसम्म पुग्न आवश्यक प्रविधि र जनशक्ति पर्याप्त नहुँदा उद्धार चुनौतीपूर्ण बनेको छ।

**श्रीमान्को बोली सुन्न आतुर छन् हृदयश्वरी**

बझाङको जयपृथ्वी नगरपालिका–८ स्थायी घर भई हाल चन्द्रागिरी नगरपालिका– १० मा बस्दै आएकी हृदयश्वरी जोशी चार दिनदेखि श्रीमान्को खबर आउने प्रतीक्षामा छिन्। उनका श्रीमान् हेमन्तराज जोशी निर्माणाधीन त्रिशूली– ३ बी जलविद्युत् आयोजनामा इन्जिनियरका रूपमा कार्यरत थिए। बाढी आएपछि उनी सुरुङ क्षेत्रमा फसेको र त्यसपछि सम्पर्कमा नआएको परिवारले जनाएको छ। तीन वर्षीय छोरा र पाँच वर्षीया छोरीसहित हृदयश्वरी अहिले श्रीमान् सकुशल फर्कने आशामा छिन्। घटना हुनुपूर्व हृदयश्वरीसँग हेमन्तले चाँडै घर आउने भनेका थिए। फोनमा हेमन्तले हृदयश्वरीलाई म ठीक छु, अहिले आराम गर्छु भनेका थिए। तर, त्यसको केही समयमै हेमन्त सम्पर्कविहीन भएको समाचार आएपछि उनी बेचैन भइरहेकी छन्।

'चार दिन भइसक्दा पनि हाइड्रोको सुरुङमा फसेकाहरूको अवस्था अज्ञात छ। हामीले चार दिनसम्म धैर्य गर्‍यौं। उहाँहरूको कुरा पत्यायौँ, अझै पनि पत्याएका छौँ। तर, अब हामीमा सहन सक्ने अवस्था छैन,' उनले भनिन्।

उनले आफूहरूको सरकारप्रतिको विश्वास कायमै रहेको बताउँदै सुरुङमा फसेकाहरूको तत्काल उद्धार गर्न आग्रह गरिन्। 'म मात्रै होइन, मजस्ता पीडामा परेका अरु परिवार पनि छन्। सबैका आफन्त छन्, सबैका घरमा मानिसहरू पर्खिरहेका छन्। उनीहरूलाई राज्यले तत्काल सुरुङबाट निकालोस्,' उनले भनिन्। उनीसँग अब एउटा अन्तिम इच्छा छ, सुरुङमा थुनिएका श्रीमान्को राज्यले तत्काल उद्धार गरिदेओस्। उद्धारमा भएको ढिलाइले आफ्नो परिवार नउजाडियोस्।

**छोराको उद्धार पर्खिरहेका बुबा**

हाइड्रोपावरको सुरुङमा छेकिएका जाजरकोटको शिवालय गाउँपालिकाका ३० वर्षीय मेहन्द्र शाही सकुशल फर्कने आशामा बाढी प्रभावित क्षेत्रमा पुगेका छन्, उनका बुवा शेरबहादुर शाही। शिवालय गाउँपालिकाका अध्यक्षसमेत रहेका शाही छोरा बाढीमा फसेको खबर सुनेलगत्तै त्रशूली पुगेका थिए।

महेन्द्र त्रिशूली–३ ए जलविद्युत् आयोजनामा मेकानिकल इन्जिनियरका रूपमा कार्यरत थिए। छोरा सुरुङमा फसेको खबर पाएको चार दिनसम्म पनि छोराको अवस्था उनलाई थाहा छैन। 'छोरा कहाँ छ, कस्तो अवस्थामा छ भन्ने थाहा छैन। उद्धार हुन्छ कि भन्ने आशामा बसेका छौँ,' उनले भने।

स्थानीय सरकारका प्रमुख भएर विपत्मा फसेका नागरिकको उद्धारमा भूमिका खेल्नुपर्ने शाही अहिले आफ्नै छोराको उद्धारको प्रतीक्षामा छन्। सुरुङबाहिर बसेर उद्धार टोलीको खबर पर्खनुबाहेक उनीसँग अर्को विकल्प छैन।

शाहीका लागि अहिले समय घडीले होइन, उद्धार टोलीबाट आउने खबरले चलिरहेको छ। बाढीपछि परिवारले न निद्रा पाएको छ, न निश्चित जवाफ। छोरा कहाँ छन्, जीवित छन् कि छैनन्, उद्धारकर्मी उनीसम्म पुग्न सके कि सकेनन्– यी कुनै प्रश्नको उत्तरसँग शाही अपरचित छन्। शाहीका लागि पछिल्ला हरेक क्षण अनिश्चितताका बीच घर्किरहेका छन्।

# बाढीमा परी मृत्यु हुनेको संख्या ६६९ पुग्यो, कति छन् सम्पर्कविहीन?

❑ **काँक्रेविहार संवाददाता**
काठमाडौं, १३ भदौ

भोटेकोशी हुँदै त्रिशूली नदीमा आएको बाढीमा परी मृत्यु हुनेको संख्या ६६९ पुगेको छ।

नेपाल प्रहरीले बाढी प्रभावित क्षेत्रबाट शनिवार अपराह्न ४ बजेसम्म ६६९ जनाको शव फेला परेको जनाएको हो। प्रहरी प्रधान कार्यालय नक्सालका अनुसार रसुवामा १३, धादिङमा ४९, नुवाकोटमा ४१, गोरखामा ५४, तनहुँमा ३१, चितवनमा २४८, नवलपरासी पूर्वमा १५८ र नवलपरासी पश्चिममा ७५ जनाको शव फेला परेको छ। नेपाल प्रहरीका प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक (डिआइजी) अविनारायण काफ्लेका अनुसार बाढी प्रभावित क्षेत्रबाट हालसम्म दुई हजार ३०१ जनाको उद्धार गरिएको छ।

उद्धार गरिएकामध्ये रसुवाका ६७६, नुवाकोटका एक हजार ६२२ र धादिङका तीन जना रहेका छन् । विभिन्न स्थानबाट उद्धार गरिएका गम्भीर घाइतलाई थप उपचारका लागि काठमाडौं ल्याइएको छ। प्रहरीका अनुसार काठमाडौंका विभिन्न अस्पतालमा उपचाररत तथा उपचारपछि डिस्चार्ज भएका गरी हालसम्म १४० जना रहेका छन् ।

रसुवा बाढीपछि नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालका केही कर्मचारीसमेत सम्पर्कविहीन भएका छन्। प्रहरीका अनुसार नेपाली सेनाका ४४, नेपाल प्रहरीका २७ र सशस्त्र प्रहरी बल, नेपालका १३ जना कर्मचारी अझै सम्पर्कविहीन छन् ।

राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले भदौ १३ गते बिहान १० बजेसम्मको अद्यावधिक विवरण अनुसार २४२६ जना अझै सम्पर्कविहीन छन्।

**सम्पर्कविहीन भएकाहरूको विवरण –**

- जलविद्युत आयोजनाहरूबाटः ९३३ जना
- विदेशी नागरिकः ५१७ जना
- गैरआवासीय/विदेशमा बस्ने नेपाली नागरिकः १२७ जना
- जिल्लागतः रसुवाबाट ५६२ जना, नुवाकोटबाट ११५ जना र मकवानपुरबाट ६५ जना
- सुरक्षाकर्मीहरूः नेपाल प्रहरीका २७ जना, नेपाली सेनाका ४५ जना र सशस्त्र प्रहरी बलका १३ जना
- अन्य निकायः भन्सार कार्यालयका १५ जना, अध्यागमन कार्यालयका ४ जना र लाङटाङ राष्ट्रिय निकुञ्जका ३ जना

बाढी प्रभावित क्षेत्रमा बेपत्ताको खोजी तथा उद्धार कार्यलाई तीव्र पारिएको प्रहरीले जनाएको छ।

नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाललगायत सम्बन्धित निकायका सुरक्षाकर्मी तथा उद्धार टोलीले सम्भावित जोखिमयुक्त क्षेत्रमा खोजी तथा उद्धार कार्य जारी राखेका छन् ।

## सार्वजनिक यातायातको मर्यादित प्रयोग गरौं

- सार्वजनिक यातायातका साधनको जिम्मेवारीपूर्वक प्रयोग गरौं,
- सवारी चढ्ने र ओर्लने क्रममा सडक अनुशासन र पालोको पालना गरौं,
- ज्येष्ठ नागरिक, गर्भवती महिला, अपाङ्गता भएका व्यक्ति तथा बालबालिकालाई प्राथमिकता दिऔं,
- सार्वजनिक यातायातमा धूम्रपान गर्ने, फोहोर फाल्ने तथा होहल्ला गर्ने कार्य नगरौं,
- चालक तथा सहचालकसँग सभ्य र सम्मानजनक व्यवहार गरौं,
- चालक तथा सहचालकले यात्रुसँग सभ्य र सम्मानजनक व्यवहार गरौं,
- सवारी साधनको क्षमता भन्दा बढी यात्रु नचढौं/नचढाऔं,
- ट्राफिक नियमको पालना गरी सुरक्षित यात्रामा सहयोग गरौं,
- सार्वजनिक सम्पत्तिको संरक्षण गर्दै स्वच्छ र सुरक्षित यात्रा संस्कृतिको विकास गरौं।

*अनुशासित यात्रा गरौं, सुरक्षित गन्तव्यमा पुगौं।*

नेपाल सरकार
**विज्ञापन बोर्ड**







काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)